NSW Health

Nepali

# तपाईंको दाँत कसरी स्वस्थ राख्ने



## १ आफ्नो दाँत बिहान र बेलुकी माझ्नुहोस्



**फ्लोराइड मञ्जन** र एउटा सानो टाउको तथा नरम ब्रिस्टल भएको टूथब्रश प्रयोग गर्नुहोस्।

तपाईंको दाँत र गिजा ब्रश गर्नाले तपाईंको मुखमा समस्या पैदा गर्न सक्ने ब्याक्टेरियाको मात्रा कम गर्न मद्दत गर्दछ।

## २ धेरै फलफूल र सागसब्जी खानुहोस्



**स्वस्थ विकल्पहरु:** सागसब्जीहरु, गेडागुडीहरू, फलफूल, फल, पनीर, दही, पाउरोटी वा बदामहरु।

## ३ पेयको रूपमा पानी रोज्नुहोस्



**धाराको पानी सबैभन्दा राम्रो हुन्छ।** यसमा फ्लोराइड हुन्छ, जसले तपाईंको दाँतको सुरक्षा गर्न मद्दत गर्दछ।

## ४ नियमित रुपमा दाँतको जाँच गराउनुहोस्



दन्त क्लिनिकमा जाँच्नको लागि जानुहोस्, 'तपाईंको दाँत वा मुख' नदुखे सम्म नपर्खनुहोस्।



आफ्नो दाँत बिहान र बेलुकी माझ्नुहोस्



धेरै फलफूल र सागसब्जी खानुहोस्



पेयको रूपमा पानी रोज्नुहोस्



नियमित रुपमा दाँतको जाँच गराउनुहोस्

health.nsw.gov.au

# तपाईंको दाँत कसरी स्वस्थ राख्ने

NSW Health

## बच्चाहरुको दाँत



- स्तनको दूध बच्चाहरुको लागि सबै भन्दा उत्तम हुन्छ र केवल यो मात्र खाना र पिउने कुराहरुको रुपमा उनीहरुलाई ६ महिनाको उमेर सम्मको लागी आवश्यक हुन्छ।
- एउटा 'कप' लगभग ६ महिनाको उमेरमा शुरु गर्न सकिन्छ। तपाईंले एउटा कपबाट पानी, स्तनको दूध वा शिशु फर्मुला दिन सक्नुहुन्छ।
- यदि तपाईं एउटा बोतल प्रयोग गरिरहनु भएको छ भने, केवल पानी, दुहेको स्तनको दूध वा यसमा शिशु फर्मुला मात्र राख्नुहोला।
- आफ्नो बच्चालाई बोतलको साथ ओछ्यानमा नराख्नुहोस्।

## बालबालिकाहरूको दाँत



- बच्चाको पहिलो दाँत महत्वपूर्ण हुन्छ
- तपाईंले आफ्नो बच्चाको दाँत उनीहरु ८ वर्ष उमेरको नहुञ्जेलसम्म माइन मद्दत गर्नुपर्दछ।
- आफ्नो बच्चालाई उसको पहिलो जन्मदिन सम्ममा एउटा दन्त क्लिनिकमा लैजानुहोस्।
- त्यहाँ सार्वजनिक दन्त क्लिनिकहरु छन् जहाँ कुनैपनि पैसा लाग्दैन।

| स्थानयि स्वास्थ जलि्ला | फोन नम्बर |
|---|---|
| Sydney/South Western Sydney | 02 9293 3333 |
| Western Sydney | 02 8890 6766 |
| Nepean Blue Mountains | 02 4734 2387 or 1300 769 221 |
| Hunter New England/ Mid North Coast/Northern NSW | 1300 651 625 |
| Northern Sydney | 1300 732 503 |
| Central Coast | 1300 789 404 |
| South Eastern Sydney | 1300 134 226 |
| Illawarra | 1300 369 651 |
| Southern NSW/Murrumbidgee | 1800 450 046 |
| Western NSW/Far West | 02 6809 8621 or 1300 552 626 |

**नियमित रूपमा दन्त क्लिनिक को भ्रमणहरूको बीचमा आफ्नो बच्चाको दाँत जाँच गर्ने गर्नुहोस्।**



**स्वस्थ बालबालिकाहरुको दाँत।**



**अहिले एउटा दन्त क्लिनिकमा भेटघाटकोलागि समय लिनुहोस्।**



**अहिले एउटा दन्त क्लिनिकमा भेटघाटकोलागि समय लिनुहोस्।**



**अहिले तत्काल दन्त उपचार गराउनुहोस्।**

## नि: शुल्क सार्वजनिक दन्त क्लिनिकहरु

सार्वजनिक दन्त सेवाहरु बाट नि: शुल्क दन्त चिकित्साको उपयोग कसले गर्न सक्दछ:

- सबै मेडिकेयर कार्ड भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरु।
- वयस्कहरु जसको दुवै (१) मेडिकेयर कार्ड र (२) सेन्टरलिंक स्वास्थ्य हेरविचार कार्ड (Centrelink Health Care Card) वा पेंशनर छुट कार्ड (Pensioner Concession Card) छ।

**एउटा दोभाषेको लागि अनुवाद र दोभाषे सेवा TIS लाई १३ १४ ५९ मा फोन गर्नुहोस्।**

January 2022 © NSW Ministry of Health. SHPN (COHS) 210221